# सबैला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सबैला, धनुषा
मधेश प्रदेश, नेपाल
२०७३

प.सं. : २०८२।०८३

E-mail : sabailamun@gmail.com

मितिः २०८२।०९।२५

## व्यवसाय तथा रोजगारीमूलक सीप तालिमका लागि आवेदन दिने सम्बन्धि सूचना

प्लान ईन्टरनेशनल नेपाल र जानकी महिला जागरण समाज (JWAS) को संयुक्त साझेदारी तथा यस सबैला नगरपालिकासँगको समन्वयमा YEEP दोश्रो चरणकोलागी प्लान प्रायोजित परिवारहरुलाई (प्लान परिबार) लक्षित गरी ३५ जना (कम्तिमा ७० % युवा महिला हुने गरी) युवा महिला तथा पुरुषहरुलाइलाई रोजगार तथा स्वरोजगार बनाउने उद्देश्यले तपसिलमा उल्लेखित विषयमा निशूल्क जीवनउपयोगी सीप र व्यवसायिक सीप विकास तालिम संचलान गरिने र आफैं व्यवसाय गर्न चाहनेहरुका लागि शुरुवाती सामग्री (स्टार्टअप) सहयोग गरिने भएको हुँदा यस पालिकामा स्थायी रुपमा बसोवास गर्ने १८ देखि २४ वर्ष उमेर समूहका युवा महिला तथा पुरुषहरुले यो सुचना प्रकाशित भएको मितिले १० दिन भित्र आफूले सिक्न चाहेको तल उल्लेखित रोजगारमूलक सीप तालिम उल्लेख गरी यस पालिकाकाको रोजगार शाखा/उद्यम विकास शाखामा यसै सूचनाको साथ संलग्न फारम ढाँचामा निवेदन पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु:**

१. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि वा नागरिकताको प्रतिलिपी पछि पेश गर्ने भएमा जन्म मिति र नाम खुल्ने जन्मदर्ता अथवा जन्म सिफारिस पत्र आदि ।

२. तोकिएको ढाँचा अनुसारको दरखास्त फाराम

**संचालन गरिने केही तालिमहरुको विवरण:**

| S.N. | रोजगार तथा स्वरोजगारमूलक सिपहरु | |
|---|---|---|
| 1 | 190 hours Heavy Equipment Operator (Excavator and Backhoe) | महिला र पुरुष दुवै |
| 2 | 390 hours Junior Accountant | ७०% अनिवार्य महिला |
| 3 | 390 hours Assistant Beautician | ७०% अनिवार्य महिला |
| 4 | 390 hours Fast Food Cook | ७०% अनिवार्य महिला |
| 5 | 390 hours Refrigeration and Air Condition Technician | महिला र पुरुष दुवै |
| 6 | 390 hours Fashion Designing | ७०% अनिवार्य महिला |
| 7 | 390 hours Sales Person | ७०% अनिवार्य महिला |
| 8 | 190 hours Tempo Driver (Electric and Petrol) | महिला मात्र |

**पूनश्च:**

- यस पालिका अन्तर्गत परेका आवेदनहरुबाट प्लान इन्टरनेशलन नेपालको प्रायोजित परिवारहरुलाई (प्लान परिवार) लक्षित गरी ३५ जना (कम्तिमा ७० % युवा महिला हुने गरी) लाई मात्र छनौट गर्न सकिनेछ। यसरी छनौट गर्दा पालिकासँग भएको छनौटको मापदण्डलाई आधार बनाइनेछ ।

२०८२/०९/२५

नि.प्रमुख प्रशासकीय अधिकृत

# सबैला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा
मधेश प्रदेश, नेपाल

प.सं. : २०८२।०८३

E-mail : sabailamun@gmail.com


- माथि उल्लेखित विषयगत तालिमहरु सञ्चालन कठिन हुन गएमा आवश्यकता अनुसार विकल्प छान्नु पर्ने हुन सक्छ । परिस्थिति जन्य बाध्यताले उल्लेखित तालिमहरुमध्ये कुनै तालिम सञ्चालन नहुन पनि सक्नेछन् ।
- प्लान इन्टरनेशलन नेपालको प्रायोजित परिवार बाट दलित, जनजाति, पछाडि परेको समुदाय, अपाङ्गता भएको व्यक्ति तथा परिवारलाई प्राथामिकतामा राखिने छ ।
- अन्तिम नामावलीमा छनौटमा परेका सहभागीलाई सीपमूलक तालिमको लागि कुनै तालिम शूल्क लाग्ने छैन
- सीपमूलक तालिमका लागि आवेदन फारम यस साझेदार संस्था जानकी महिला जागरण समाज (JWAS) बाट निशूल्क उपलब्ध गराइने छ र फारम वितरण रोजगार/उद्यमशिलता विकास शाखामार्फत हुनेछ ।
- तालिमका लागि छनौट हुने सहभागीको अन्तिम नामावली छनौट र प्रकाशन पालिकाको रोजगार/उद्यमशिलता विकास शाखामार्फत हुनेछ ।
- अन्य तालिमहरुका लागि ८ कक्षा वा साधारण लेखपढ गर्न सक्ने योग्यता भएको हुने तर जुनियर लेखापालको लागि १२ कक्षा (वाणिज्य विषय) मा उतिर्ण भएको तथा कम्प्युटर सम्वन्धी आधारभुत ज्ञान भएको हुनुपर्नेछ ।

**<u>सम्पर्क गर्ने तथा आवेदन पेश गर्नु पर्ने स्थान:</u>**

**सम्पर्क गर्न सकिने व्यक्तिहरु:** पालिकाको रोजगार/उद्यमशिलता विकास संयोजक तथा अर्जुन कुमार सिंह, सम्पर्क नं ९८१७६१९९६२ (JWAS)

**आवेदन पेश गर्ने स्थान: सबैला नगरपालिकाको** कार्यालय अर्न्तगतको रोजगार/उद्यमशिलता विकास शाखा

**दरखास्त मिति** ( २०८२/०९/२५ देखि २०८२/१०/०४ गत्ते सम्म अन्तिम दिनमा विदा परेमा भोलि पल्ट

२०८२/०९/२५

राम देव यादव

नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत